# नौगाड गाउँपालिका दार्चुला

## गाउँ सभाको १७ औं अधिवेशनमा प्रस्तुत गरिएको

# आर्थिक वर्ष: २०८२।८३ को

# बजेट वक्तव्य

२०८२ असार, ८ आइतवार

**सभाध्यक्ष महोदय,**

**यस गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशनमा आर्थिक वर्ष २०८२।८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै आभारी छु ।**

यस गाउँपालिकाको दिगो विकास, समृद्धि र समग्र क्षेत्रको सन्तुलित विकासको लागि गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रम मार्फत समृद्ध र विकसित गाउँपालिका निर्माण गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र समाजको अग्रगामी परिवर्तनका लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष (जनयुद्ध) मा गरेको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै, अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलन र संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते तथा बेपत्ता र पीडित नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दै राष्ट्र निर्माणमा योगदान पुऱ्याउने सम्पूर्ण देशभक्त नागरिकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

बजेट तथा कार्यक्रमहरू प्रस्तुत गर्दै गर्दा गाउँपालिका भित्र, गाउँपालिका बाहिर र विदेशमा रहनुभएका नौगाडबासी एवं सबै शुभ चिन्तकहरूले नौगाड गाउँपालिकाको विकासको लागि देखाउनु भएको चिन्ता, चासो र तत्परतालाई उच्च सम्मान प्रकट गर्दछु । बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, १६ औ आवाधिक योजना,दिगो विकासका लक्ष्य, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना, नौगाड गाउँपालिकाको मध्यमकालिन खर्च संरचना लगायत संघीय तथा प्रदेश कानूनहरू, गाउँपालिकाले तयार गरेका ऐन, नियम, कार्यविधिहरू, गाउँपालिकाको प्रथम एकीकृत विकास योजनाले लिएका सोच, उद्देश्य लक्ष्य, नीति तथा प्राथमिकताहरू, विषयगत समितिका सुझाव, विकासका समसामयिक मुद्दाहरू र विज्ञहरूका सुझाव, परामर्श र सर्वपक्षीय/सर्वदलीय अन्तरक्रिया समेतलाई ध्यानमा राखेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८२।८३ को बजेटका उद्देश्य तथा प्राथमिकका क्षेत्रहरू प्रस्तुत गर्न चाहन्छु।

**आर्थिक वर्ष २०८२।८३ का बजेट तथा कार्यक्रमका उद्देश्यहरू यस प्रकार रहेका छन् ।**

क) "स्थानीय दिगो विकासमा जोड, समृद्ध पालिका बनाउने हाम्रो अठोट" को नारालाई साकार पार्दै सन्तुलित रूपमा वडागत विकास गर्ने र नौगाडबासीको आयस्तरमा सुधार गरी स्थानीय आर्थिक बृद्धि हासिल गर्दै समृद्ध नौगाड, सुखी नौगाडबासी भन्ने दीर्घकालीन सोचको दिशामा अघि बढ्नु ।

ख) नागरिकका मौलिक हक र अधिकारहरूको रूपमा रहेका आधारभूत आवश्यकताहरू शीघ्र परिपूर्ति गर्दै नौगाडबासीहरूको जीवनस्तरमा गुणात्मक सुधार गर्नु ।

ग) उपलब्ध स्थानीय स्रोत साधन, अवसर र क्षमताको उच्चतम उपयोग तथा न्यायिक वितरण गर्दै सुशासन, सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्ने राष्ट्रिय लक्ष्यलाई टेवा पुऱ्याउनु ।

घ) दिगो विकासका लक्ष्यहरूलाई पछ्याउँदै जलवायु अनुकूलन दिगो विकास, दिगो शान्ति, सुशासन युक्त, विकसित र समृद्ध गाउँपालिका निर्माणको लागि आधारशिला तयार गर्नु ।

ङ) गाउँपालिकाको जन जीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार निर्माण गर्नु।

च) उत्पादनमूलक तथा शीघ्र प्रतिफल दिने र दूरगामी सकारात्मक प्रभाव पार्ने आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नु ।

छ) पारदर्शी, जबाफदेही, छिटो छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह गर्नु,

ज) सेवा प्रवाह, संस्थागत क्षमता विकास, पारदर्शिता र सुशासन अभिवृद्धि गर्नु,

झ) स्थानीय स्रोत साधनलाई प्राथमिकता दिई र जनसहभागिता वृद्धि गर्नु,

ञ) परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्नु,

ट) वन वातावरण संरक्षण, विपद् व्यवस्थापन र जलवायु अनुकूलन दिगो विकासमा टेवा पुऱ्याउनु,

ठ) गाउँपालिकाको आन्तरिक राजस्व सङ्कलनमा वृद्धि हुनु,

ड) जनताको जीवनस्तर, स्थानीय क्षेत्रमा रोजगारी र आम्दानी वृद्धि गर्नु,

ढ) समग्र क्षेत्रका विकास गतिविधिमा स्थानीय सहभागिता जुटाउनु,

ण) महिला बालबालिका तथा पिछडिएका क्षेत्र, लक्षित वर्ग र समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउनु,

त) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि गर्नु,

**थ)** मौलिक संस्कृति, भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता कायम राख्न सघाउ पुऱ्याउनु।

**सभाध्यक्ष महोदय**

म गाउँपालिकाको बजेट प्रणालीमा देखिएका मुख्य चुनौती प्रस्तुत गर्न चाहन्छु ।

१. संघीय सरकार तथा प्रदेश सरकारको राजस्व सङ्कलनमा आएको न्यूनता र स्थानीय सरकारको सीमित राजश्वका स्रोतहरु, गाउँपालिकाको न्यून राजस्व परिचालन क्षमता र संघीय तथा प्रदेश सरकार अनुदानमा निर्भरताका कारण गाउँपालिकाको स्रोतमा कमी हुँदा गाउँपालिकाको समग्र स्रोत व्यवस्थापन र सन्तुलनलाई व्यवस्थापन गर्ने ।

२. गाउँपालिका तथा वडागत योजना तथा कार्यक्रमहरूको पूर्वतयारी र प्राथमिकीकरण, विनियोजन, कुशलता, आयोजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा व्यवस्थित, सन्तुलित र समन्यायिक बनाउने ।

३. गाउँपालिका गौरवका र रणनीतिक महत्त्वका आयोजना घोषणा, स्थानीय आर्थिक स्थितिमा सुधार ल्याउने खालका कार्यक्रम तर्जुमा गरी स्रोत तथा साधनको परिचालन गरी समग्र स्थितिमा सुधार गर्ने।

४. संघ र प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरणको प्रभावकारी कार्यान्वयन गर्ने ।

५. गाउँपालिकाको स्रोत आकलन र व्यय अनुमान वैज्ञानिक तथा समय सापेक्ष बनाउने ।

६. गाउँपालिकाको बजेटमा वास्तविक जनसहभागिता बृद्धि गरी स्थानीय स्रोतको परिचालन गर्ने ।

७. टुक्रे योजना तथा कार्यक्रमहरूमा हुँदै आएको बजेट विनियोजनलाई न्यूनिकरण गर्ने ।

८. जनचाहना बमोजिम स्रोत साधन व्यवस्थापन तथा परिचालन गर्न नसक्नु ।

९. गाउँपालिकाको प्रथम एकिकृत आवधिक विकास योजनाले अङ्गिकार गरेको नीति तथा प्राथमिकता बमोजिम बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८२।८३ का बजेटका प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. आर्थिक विकास क्षेत्र,

२. सामाजिक विकास क्षेत्र,

३. पूर्वाधार विकास क्षेत्र,

४. वन वातावरण संरक्षण तथा विपद् व्यवस्थापन क्षेत्र,

५. संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र,

**सभाध्यक्ष महोदय,**

**अब आगामी आर्थिक वर्षको बजेटको प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. आधारभूत सेवाहरू, स्थानीय सडक, पुल, खानेपानी आपूर्ति प्रणाली, विद्युत र सञ्चार पहुँच अभिवृद्धि हुने,

२. जनताको जीवनस्तर उकास्ने, स्थानीय क्षेत्रमा रोजगारी सृजना हुने र आम्दानी बढ्ने,

३. स्थानीय आर्थिक विकासमा टेवा पुग्ने,

४. उत्पादनमूलक तथा शीघ्र प्रतिफल दिने,

५. गाउँपालिकाको शैक्षिक गुणस्तरमा सुधार हुने,

६. नागरिकहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच वृद्धि हुने,

७. स्वच्छ खानेपानी र सरसफाइको सुविधामा सबै नौगाडबासीको पहुँच पुर्‍याउने,

८. नौगाडबासीलाई दिगो तथा भरपर्दो ऊर्जा तथा विद्युत् सेवामा पहुँच पुर्‍याउने,

९. नौगाडबासीको जन जीविका र दिगो विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार,

१०. स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता वृद्धि हुने,

११. परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन हुने,

१२. वातावरण संरक्षण, विपद् व्यवस्थापन र दिगो विकासमा टेवा पुर्‍याउने,

१३. गाउँपालिकाको आन्तरिक राजस्व सङ्कलनमा वृद्धि हुने,

१४. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

१५. महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

१६. लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि गर्ने,

१७. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता कायम राख्न सघाउ पुऱ्याउने।

१८. गाउँपालिका दुर्गम बस्तीमा आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित हुने,

१९. छिटो छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह हुने,

२०. सेवा प्रवाह, संस्थागत क्षमता विकास, पारदर्शिता र सुशासन अभिवृद्धि हुने,

२१. पिछडिएको वर्ग समुदाय मुलप्रवाहिकरणमा आउने,

२२. कृषि उत्पादन र उत्पादकत्व बृद्धि हुने,

२३. उद्यमशिलता प्रवर्द्धन र रोजगारी वृद्धि हुने

२४. वन वातावारण र जलाधार क्षेत्रको संरक्षण र भूमिको दिगो उपयोग तथा व्यवस्थापन हुने

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८०।०८१ को यथार्थ र चालु आर्थिक वर्षको संशोधित अनुमानित आय-व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८०।०८१ मा संघीय समानिकरण, सशर्त , विशेष र समपुरक अनुदान, प्रदेश समानिकरण, सशर्त, विशेष र समपुरक अनुदान र आन्तरिक श्रोत गरी जम्मा रू. ३८ करोड ६३ लाख १६ हजार ७ सय ६७ रुपैयाँ ६७ पैसा वास्तविक आम्दानी भएको थियो । त्यसै गरी कूल खर्च मध्ये चालु खर्च तर्फ रू. २८ करोड ६१ लाख ३० हजार २ सय ४६ रूपैया ७९ पैसा र पुँजीगत खर्च तर्फ रू. ९ करोड ७३ लाख ७८ हजार ४ सय ९० रूपैया गरी जम्मा खर्च रू. ३८ करोड ३५ लाख ८ हजार ७ सय ३६ रूपैया ६९ पैसा यथार्थ खर्च भएको छ ।

त्यसैगरी चालु आर्थिक वर्ष २०८१।८२ मा संघीय समानिकरण, सशर्त, विशेष र समपुरक अनुदान, प्रदेश समानिकरण, सशर्त, विशेष र समपुरक र आन्तरिक श्रोत गरी रु. ४१ करोड ७१ लाख ५८ हजार आय अनुमान गरिएकोमा यो बजेट तयार पार्दासम्म विभिन्न अख्तियारीहरूको समेतका आधारमा संशोधित आय अनुमान रू. ४२ करोड १ लाख ५८ हजार रूपैयाँ रहेको छ । त्यसैगरी चालु खर्च तर्फ रू. ३२ करोड २९ लाख ६७ हजार ९ सय रूपैया र पुँजीगत खर्च तर्फ रू. ९ करोड ७१ लाख ९० हजार १ सय रूपैयाँ संशोधित अनुमान रहेको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८२।८३ को अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

- आगामी आर्थिक वर्ष २०८२।८३ मा संघीय सरकार समानिकरण अनुदान तर्फ १० करोड ४१ लाख, संघीय सरकार राजस्व बाँडफाँडबाट प्राप्त रू. ९ करोड १३ लाख ३६ हजार २४ रुपैया, संघीय समपुरक अनुदान रु. ५२ लाख, संघीय विशेष अनुदान २ करोड ८० लाख, संघीय सरकार सशर्त चालु अनुदान तर्फ १६ करोड ५३ लाख, संघीय सरकार शसर्त पुँजीगत अनुदान ७ लाख गरी संघीय सरकारबाट जम्मा रू. ४० करोड ७६ लाख ३६ हजार २४ रुपैया आय अनुमान गरेको छु ।
- यसैगरी प्रदेश सरकारतर्फबाट समानीकरण अनुदान तर्फ रु. ९७ लाख ७० हजार, प्रदेश समपूरक अनुदान रु. ८५ लाख, प्रदेश विशेष अनुदान रु. ७५, प्रदेश सशर्त पँजीगत अनुदान तर्फ रु. ५० लाख, गरी प्रदेश सरकारबाट जम्मा रू. ३ करोड ७ लाख ७० हजार रुपैयाँ आय अनुमान गरेको छु ।
- त्यसैगरी यस नौगाड गाउँपालिकाको आन्तरिक राजस्वतर्फ रू. ५० लाख र चालु आर्थिक वर्ष २०८१।८२ मा बैंक नगद मौज्दात बचत हुन सक्ने रू. २५ लाख ९ सय ७६ रुपैयाँ गरी जम्मा रू. ७५ लाख, ९ सय ७६ अनुमान गरी आर्थिक वर्ष २०८२।०८३ मा गाउँपालिकाको कूल आय रू. ४४ करोड ८४ लाख ८६ हजार आय अनुमान गरेको छु ।
- आगामी आर्थिक वर्ष २०८२।८३ मा चालु तर्फ रु.३२ करोड १८ लाख ४ हजार ९ सय ५० र पुँजीगत तर्फ रु. १२ करोड ६६ लाख ८१ हजार ५० रुपैया गरी कुल रु. ४४ करोड ८४ लाख ८६ हजार व्यय अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय**

अब म आगामी आर्थिक वर्षको २०८२।०८३ को क्षेत्रगत व्यय अनुमान विवरण प्रस्तुत गर्दछु ।

**आर्थिक विकास क्षेत्र**

१. कृषि विकास क्षेत्र

कृषि विकास, कृषिमा आधुनिकिकरण र कृषि यान्त्रिकरण र कृषि विकासका लागि रु. ५४ लाख रुपैयाँ विनियोजन गरेको छु ।

२. पशुपन्छी विकास तर्फ रु. १८ लाख हजार रकम विनियोजन गरेको छु ।

३. उद्योग तथा व्यवसाय प्रवर्द्धन क्षेत्रको विकासका लागि रु. १९ लाख विनियोजन गरेको छु ।

४. पर्यटन क्षेत्रको विकासका लागि रु. ७५ लाख, सहकारी तर्फ रु. २ लाख रकम विनियोजन गरेको छु ।

५. जलस्रोत व्यवस्थापन तथा सिँचाई विस्तारका लागि रु. ३ करोड ३० लाख रकम विनियोजन गरेको छु।

६. भूमि व्यवस्था तर्फ रु. १० लाख रकम विनियोजन गरेको छु ।

७. समग्रमा आर्थिक विकास क्षेत्रमा रु. ६ करोड ४ लाख १५ हजार विनियोजन गरेको

**सामाजिक विकास क्षेत्र**

**१. शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य**

- भवानी आधारभूत विद्यालय साङपाङ नौगाड-१ को भवन निर्माणका लागि रु. १ करोड ७ लाख रुपैयाँ विनियोजन गरेको छु ।
- ताराकोट भवानी आधारभूत विद्यालय नौगाड-३, जामिरको विद्यालय भवन निर्माणका लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।
- भूमिराज आधारभूत विद्यालय नौगाड-५, धौलोटको भवन निर्माणका लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।
- डाँडाबाग आधारभूत विद्यालय नौगाड-४ गैराको विद्यालय भवन मर्मत सम्भारका लागि रु.७ लाख रकम विनियोजन गरेको छु ।

- भैरवराज आधारभूत विद्यालय नौगाड-४ होपरीको भवन निर्माणको थप कार्य सम्पन्न गर्न रु. ६ लाख ५० हजार रकम विनियोजन गरेको छु ।
- दुर्गा भवनी आधारभूत विद्यालय नौगाड-३ घोरकट्याको भवन निर्माणको थप कामका लागि रु. ७ लाख रकम विनियोजन गरेको छु ।
- देवेश्वरी आधारभूत विद्यालय नौगाड-१ कैदमकोटको भवन निर्माण थप कार्यका लागि रु. १ लाख ५० हजार रकम विनियोजन गरेको छु ।
- गणेश विनायक माध्यमिक विद्यालय नौगाड-४ सिप्टीको विद्यालय घेर पर्खाल निर्माणका लागि रु. १३ लाख रकम विनियोजन गरेको छु ।
- गाउँपालिका अनुदान शिक्षक कोटामा कार्यरत शिक्षक, विद्यालय कर्मचारी, बाल विकास तथा विद्यालयका कार्यालय सहयोगीहरू तलब भत्ता र विद्यालय कर्मचारी, बाल विकास र विद्यालयका कार्यालय सहयोगीहरूको गाउँपालिका म्याचिङ फन्डका लागि रु. ३ करोड ५१ लाख ५० हजार रकम विनियोजन गरेको छु ।
- नौगाड गाउँपालिकाका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर क्रमस सुधार गर्रिंदै लगिने छ । सोही अनुसार आधारभूत तह ०-५ शैक्षिक सुधार कार्यक्रमका लागि रु. २५ लाख रुपैयाँ विनियोजन गरेको छु ।
- पालिकास्तरमा आधारभूत तहका विद्यालयहरूको सहभागितामा सञ्चालन हुने अध्यक्ष रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- विद्यालय शिक्षा, दिवा खाजा कार्यक्रम विद्यालय पोषण लगायतका कार्यक्रमहरूका लागि आवश्यक रु. ७७ लाख ९९ हजार रुपैयाँ बजेट विनियोजन गरेको छु ।
- जनहित माध्यमिक विद्यालय नौगाड-६ धुलिगडाको भवन निर्माण तथा पुरानो भवन मर्मत आयोजनाका लागि रु. ३८ लाख रकम विनियोजन गरेको छु ।
- विद्यालय भान्साघर निर्माणको गाउँपालिका अंशका लागि आवश्यक रु. १० लाख रकम विनियोजन गरेको छु ।
- नौगाड गाउँपालिकाका सामुदायिक विद्यालयहरूको परीक्षा प्रणालीमा सुधार गर्न तथा कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्थानीय भाषा, कला र संस्कृति संरक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- समग्र शिक्षा तथा विज्ञान भाषा, कला र संस्कृति क्षेत्रको विकासका लागि रु.१९ करोड ३६ लाख ७९ हजार रकम विनियोजन गरेको छ।

## २. आधारभूत स्वास्थ्य सेवा तथा पोषण क्षेत्र

- आधारभूत अस्पताल मार्फत सञ्चालन भएको एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाइनेछ एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापनका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छ ।
- स्थानीय अस्पतालमा उपचार हुन नसकी प्रेषण गरिएका जेष्ठ नागरिक र गर्भवती महिलाहरूलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छ ।
- सुनौला हजार दिनका विपन्न दलित महिलाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउन **"सुत्केरी स्याहार कोसेली तथा पोषण कार्यक्रम"** सञ्चालनका लागि रु. १ लाख विनियोजन गरेको छ ।
- आगामी आर्थिक वर्षमा गाउँपालिकाको आधारभूत अस्पताललाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सञ्चालन तथा व्यवस्थापन गरिनेछ । आधारभूत अस्पताल व्यवस्थापन तथा सञ्चालन खर्चका लागि रु. १९ लाख रकम विनियोजन गरेको छ ।
- आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत सामुदायिक स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य डकाइहरूमा वर्ष भरि निःशुल्क भनी तोकिएका औषधी उपलब्धता सुनिश्चित गरिनेछ । निःशुल्क तथा सः शुल्क औषधि खरिदका लागि र. २४ लाख बजेट विनियोजन गरेको छ ।
- आधारभूत अस्पतालबाट प्रभावकारी सेवा दिनको लागि आवश्यक जनशक्ति व्यवस्थापन तथा पूर्तिका लागि रु. ७० लाख विनियोजन गरेको छ ।
- आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत सामुदायिक स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य डकाइहरूमा आधुनिक स्वास्थ्य उपकरण खरिद गरी जडान गरिनेछ । स्वास्थ्य उपकरण खरिद तथा जडानका लागि रु. १ करोड ५५ लाख बजेट विनियोजन गरेको छ ।
- स्वास्थ्य संस्था, आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य केन्द्रमा आवश्यक जनशक्तिको व्यवस्थापन गरी प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रदान गरिनेछ । स्वास्थ्य कर्मी तथा जनशक्ति व्यवस्थापनका आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

- ❖ आधारभूत सामुदायिक स्वास्थ्य केन्द्र नौगाड-२ सुन्डमुन्डको भवन निर्माणको थप कामका लागि रु. १७ लाख रकम बजेट विनियोजन गरेको छ ।
- ❖ समग्रमा आधारभूत स्वास्थ्य सेवा प्रवाह तथा पोषणको अवस्थामा सुधारका लागि बजेट रु. ६ करोड ६८ लाख ४५ हजार विनियोजन गरेको छ ।

**३. महिला, बालबालिका तथा लक्षित वर्ग र लैङ्गिक समानता तथा समावेशीकरण सामाजिक सुरक्षा तथा संरक्षण क्षेत्र**

- ❖ स्थानीय अस्पतालमा उपचार हुन नसकी प्रेषण गरिएका जेष्ठ नागरिक र गर्भवती महिलाहरूलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्नका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छ ।
- ❖ गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका असहाय टुहुरा बालबालिकाहरूलाई विद्यालय शिक्षा हासिल गर्दा सम्म निश्चित आर्थिक सहयोगका लागि रु. ५ लाख रकम
- ❖ सामाजिक सुरक्षा तथा संरक्षण तर्फ रु. ३८ लाख विनियोजन गरेको ।
- ❖ अति विपन्न गरिबी दलित बिरामीहरूलाई आर्थिक सहायता सम्बन्धी कार्यविधि बमोजिम दिइने उपचार खर्चका लागि रु. १५ लाख रुपैयाँ विनियोजन गरेको छ ।
- ❖ सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा ईकाइ सञ्चालन तथा व्यवस्थापनका लागि रु. ३ लाख विनियोजन गरेको छ ।
- ❖ बाल हिंसा, बाल विवाह, महिला हिंसा र सामाजिक कुरीति विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।
- ❖ एक महिला र एकल पुरुषहरूलाई दिइँदै आएको भक्ता कार्यक्रमलाई निरन्तरता दिँदै भत्ता वितरणका लागि रु. ३ लाख रकम विनियोजन गरेको छ ।
- ❖ महिलाहरूको नेतृत्व तथा क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।
- ❖ बाल दिवस, अपाङ्ग दिवस, नारी दिवस र जेष्ठ नागरिक दिवस मनाउन रु. १ लाख बजेट वियोजन गरेको छ ।

महिला, बालबालिका तथा लक्षित वर्ग र लैङ्गिक समानता तथा समावेशीकरण क्षेत्रमा रु. १ करोड ३२ लाख ७७ हजार बजेट विनियोजन गरेको छ ।

### ४. युवा तथा खेलकुद क्षेत्र

- ❖ जिल्ला तथा पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड सञ्चालन तथा व्यवस्थापनका लागि रु. १५ लाख रकम विनियोजन गरेको छु ।
- ❖ समग्र युवा तथा खेलकुद क्षेत्रको विकासका लागि रु. २७ लाख बजेट विनियोजन गरेको छु।

### ५. खानेपानी तथा सरसफाइ क्षेत्र

- ❖ पालिका भित्र रहेका अधुरा खानेपानी आयोजना सम्पन्न गर्न, स्तरोउन्नत्ति गर्न र मर्मत सम्भार गर्न खानेपानी तथा सरसफाइ इकाइले कार्यान्वयन गर्ने गरी रु. १७ लाख बजेट विनियोजन गरेको छु ।
- ❖ पालिका भरीका जनताको स्वच्छ खानेपानीमा पहुँच विस्तार र खानेपानी तथा सरसफाइ संरचना निर्माण गर्न समग्रमा रु. २९ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।

समग्रमा सामाजिक विकास क्षेत्र तर्फ रू. २७ करोड ९४ लाख ३१ हजार विनियोजन गरेको छु ।

### भौतिक पूर्वाधार विकास क्षेत्रतर्फ

### १. भवन, आवास तथा सहरी विकास क्षेत्र

पालिका भित्र आवास तथा सहरी विकासका लागि एकमुष्ट रु. १३ लाख १५ हजार रकम विनियोजन गरेको

### २. सडक पुल तथा यातायात पूर्वाधार क्षेत्र

- ❖ वडा नं. १ इयरकोटलाई आगामी आ.व. २०८२।८३ भित्र सडक सञ्जाल जोड्न जामिर साङपाङ इयरकोट सडक निर्माणका लागि रु. ५० लाख रकम विनियोजन गरेको छु ।
- ❖ पालिका भित्रका अन्य सडक आयोजनाहरू निर्माणका लागि एकमुष्ट रु. ५८ लाख रकम विनियोजन गरेको छु ।
- ❖ वर्षातको समयमा बन्द हुने कच्ची सडकहरूलाई मर्मत सम्भारका लागि रु. १० लाख रकम विनियोजन गरेको छु । समग्रमा सडक पुल, यातायात पूर्वाधार निर्माण तथा विकासका लागि रु. २ करोड ९ लाख ८५ हजार रकम विनियोजन गरेको छु।

### ३. जलस्रोत विद्युत तथा स्वच्छ उर्जा क्षेत्र

❖ पालिकाबासीको जलस्रोत विद्युत तथा स्वच्छ उर्जामा पहुँच विस्तार तथा विकासका लागि रु. १६ लाख ४० हजार रकम विनियोजन गरेको छु ।

**४. सूचना तथा सञ्चार प्रविधि क्षेत्र**

❖ सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा पालिकाबासीको पहुँच विस्तारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

समग्रमा भौतिक पूर्वाधार विकास क्षेत्रमा रु. २ करोड २४ लाख विनियोजन गरेको छु ।

**वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फ**

**१. वन, हरियाली प्रवर्द्धन क्षेत्र**

❖ हरियाली प्रवर्द्धनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**२. वातावरण संरक्षण क्षेत्र**

❖ वन तथा वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनका लागि सञ्चालन हुने कार्यक्रम/आयोजना/क्रियाकलापहरूमा गर्नुपर्ने लागत साझेदारीका लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।

**३. जलवायु परिवर्तन स्थानीय अनुकूलन तथा विपद् व्यवस्थापन क्षेत्र**

❖ फिनल्याण्ड सरकार, युरोपियन युनियन, नेपाल सरकार र गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा **चालु आ.व. बाट सञ्चालनमा आएको जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP)** अन्तर्गतका विपद् व्यवस्थापन एवं स्थानीय जलवायु परिवर्तनको असरलाई गर्न कार्यक्रम/आयोजना/क्रियाकलापहरूमा गर्नुपर्ने लागत साझेदारीका लागि आवश्यक रकम रु. ५० लाख विनियोजन गरेको छु ।

❖ आगलागि, प्राकृतिक प्रकोप, विपद् व्यवस्थापनका लागि एकमुष्ट लागि रु. ३५ लाख बजेट विनियोजन गरेको छु ।

❖ जलवायु परिवर्तन स्थानीय अनुकुलन तथा विपद् व्यवस्थापन क्षेत्रका लागि रु. १ करोड १० हजार रकम विनियोजन गरेको छु ।

समग्रमा वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रका लागि रु. १ करोड १० लाख ५५ हजार रकम विनियोजन गरेको छु ।

**संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र**

**१. कानुन, न्याय तथा सुशासन अन्तर सम्बन्धित क्षेत्र**

- स्थानीय शासन प्रणाली सुधारका लागि रु. ८९ लाख ९० हजार बजेट विनियोजन गरेको छु।
- कानून तथा न्याय तर्फ रु. ९ लाख बजेट विनियोजन गरेको

  प्रशासकीय सुशासन तर्फ रु. १ करोड २२ लाख बजेट विनियोजन गरेको छु ।

**२. संगठन मानव संशाधन तथा सेवा प्रवाह क्षेत्र**

- कार्यालय सञ्चालन, सेवा प्रवाह, सेवा सुद्दढिकरण तथा प्रशासनिक खर्चका लागि रु. ५ करोड ८५ लाख ३५ हजार रकम विनियोजन गरेको छु

**३. राजस्व तथा स्रोत परिचलान क्षेत्र**

- राजस्व तथा स्रोत परिचालन क्षेत्रका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४. **तथ्याङ्क योजना तथा विकास व्यवस्थापन**

- तथ्याङ्क योजना तथा विकास व्यवस्थापन क्षेत्रका लागि रु. ५३ लाख ६० हजार रकम विनियोजन गरेको छु ।

समग्र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा रु. ७ करोड ३५ लाख ८५ हजार रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**अब म वडागत बजेटको संक्षिप्त चालु र पुँजीगत खर्चको व्यय अनुमान प्रस्तुत गर्दछु ।**

६ वटै वडा कार्यालय तथा मातहतका कार्यालयहरूको कार्यालय सञ्चालन, व्यवस्थापन तथा सेवा सुदृढीकरणका लागि वडागत चालु खर्च र वडास्तरीय विकास योजना सञ्चालन गर्न पुँजीगत खर्च गरी एकमुष्ट २ करोड रकम विनियोजन गरेको छु ।

६ वटै वडाका चालु खर्च र वडागत विकास योजनाहरू सञ्चालनका लागि तोकिएको बजेट सीमा भित्र रहेर वडा समितिको सिफारिस तथा प्राथमिकता बमोजिम विकास योजना तथा आयोजनाहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । सो विनियोजन बजेटलाई जनसंख्या र भौगोलिक विकटका र आन्तरिक आयका आधारमा देहाय अनुसार वडागत रूपमा बजेट बाँडफाँट गरी वियोजन गरेको छु ।

**वडागत चालु र पुँजीगत बजेट विवरण**

वडा नं. १ को चालु खर्च र पुँजीगत खर्च – रु. ३८ लाख

वडा नं. २ को चालु खर्च र पुँजीगत खर्च – रु. ३० लाख

वडा नं. ३ को चालु खर्च र पुँजीगत खर्च – रु. २८ लाख

वडा नं. ४ को चालु खर्च र पुँजीगत खर्च - रु. ४० लाख

वडा नं. ५ को चालु खर्च र पुँजीगत खर्च - रु. २२ लाख

वडा नं. ६ को चालु खर्च र पुँजीगत खर्च - रु. ४२ लाख

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८२।८३ को विनियोजनको मुख्य मुख्य आयोजना, कार्यक्रम तथा क्रियाकलापहरूमा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

- राष्ट्रिय रोजगार कार्यक्रममा लागत साझेदारी हुने गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाहरूमा गाउँपालिकाले व्यहोर्नु पर्ने श्रमिक ज्यालाको अंश सुनिश्चित गर्न रु. ३१ लाख विनियोजन गरेको छु ।
- एक वडा एक उत्पादन कार्यक्रम सञ्चालनका लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु।

- आधारभूत अस्पताल र अन्य स्वास्थ्य संस्थाहरूमा आधुनिक स्वास्थ्य उपकरण जडान गरी स्वास्थ्य सेवा सुढृकीकरण गरिनेछ । स्वास्थ्य उपकरण खरिदका लागि रु. १ करोड ५५ लाख बजेट विनियोजन गरेको छु ।
- धुलिगडा मसानघाट देखि थालिगाड घट्ट सम्म तटबन्ध आयोजनालाई आगामी आर्थिक वर्षमा सम्पन्न गरिने लक्ष्य लिइएको छ । धुलिगडा खेडा बजार कटान तथा बस्ती सुरक्षा. बाढीको जोखिम न्यूनिकरणका गर्न धुलिगडा मसानघाट देखि थालिगाड घट्ट सम्मको तटबन्ध निर्माणका लागि रु. २ करोड ८० लाख रकम विनियोजन गरेको छु ।
- कृषिमा लागत कम गर्न र उत्पादन बृद्धिका लागि कृषि यान्त्रिकरण कार्यक्रम सञ्चालन गरिनेछ। कृषि यान्त्रिकरण खरिदका लागि रु. २५ लाख रकम विनियोजन गरेको छु ।
- विद्यालय भौतिक पूर्वाधार विकासका लागि रु. १ करोड ७ लाख बजेट विनियोजन गरेको छु ।
- शिक्षकहरूको क्षमता विकास गर्न  र सामुदायिक विद्यालयको लेखा व्यवस्थापन लाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- दलितहरूको परम्परागत पेशा व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- लामो समय सम्म औषधी सेवन गर्ने नागरिकहरूको औषधी खरिद गर्दा लाग्ने शुल्क गाउँपालिकाले व्यहोर्ने बजेटको व्यवस्था मिलाएको छु।
- सार्वजनिक सम्पत्ति भवन, मठ मन्दिर लगायतका अन्य सम्पत्तिहरूको संरक्षण तथा मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- महिला शसक्तिकरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दिवस मनाउनका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।
- माटोको गुणस्तर मापन गर्न र सोही अनुसारको उत्पादनलाई प्रोत्साहन गर्न माटो परीक्षणको लागि आवश्यक व्यवस्था मिलाएको छु।
- एक वडा २  कृषि प्राविधिक कार्यक्रमको लागि आवश्यक विनियोजन गरेको छु।
- एक वडा  २ पशु प्राविधिक कार्यक्रमको लागि आवश्यक विनियोजन गरेको छु।

- स्थायी कर्मचारीहरूको अभावलाई कम गर्न गाउपालिका सेवा सुदृढीकरण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- गाउँपालिका स्थापना भएका सबै सुरक्षित प्रसूति सेवा केन्द्र सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- सूचना प्रविधि अधिकृत, MIS अपरेटर तथा फिल्ड सहायक, एक गाउँ एक कृषि प्राविधिक र मेडपा कार्यक्रम अन्तर्गतका उद्यम विकास सहजकर्ताहरूको लागि आवश्यक गाउँपालिकाले व्यहोर्नु पर्ने अंश विनियोजन गरेको छु।
- संघीय सरकार र प्रदेश सरकार र पालिकाको लागत साझेदारी सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरूको गाउँपालिका व्यहोर्नु पर्ने अंश भुक्तानी सुनिश्चित गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- विभिन्न किसिमका सामाजिक विकृति विसङ्गति तथा आपराधिक गतिविधिहरूलाई न्यूनीकरण गरी शून्यमा झार्न समाजमा प्रत्यक्ष रूपमा देखिने मद्यपान, धूम्रपान र जुँवातास जस्ता क्रियाकलापहरूलाई नियन्त्रण गर्न कार्यविधि बनाई लागू गरिनेछ ।साथै दुर्व्यसन तथा कुलतबाट छुटाउन र सकारात्मक सोचको विकास गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- **"अध्यक्ष सँग जनता सञ्चार कार्यक्रम"** सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- पालिकाका विषयगत शाखाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय

अब म नौगाड गाउँपालिकाको मध्यमकालीन आय अनुमान तथा व्यय अनुमा र प्रक्षेपण

- **आगामी आर्थिक वर्ष २०८२।८३ को आय तथा व्यय अनुमान तथा प्रक्षेपण**

गाउँपालिकाको कूल आय रू. ४४ करोड ८४ लाख ८६ हजार आय अनुमान गरेको छु ।
आगामी आर्थिक वर्ष २०८२।८३ मा चालु तर्फ रु.३२ करोड १८ लाख ४ हजार ९ सय ५० र पुँजीगत तर्फ रु. १२ करोड ६६ लाख ८१ हजार ५० रुपैया गरी कुल रु. ४४ करोड ८४ लाख ८६ हजार व्यय अनुमान गरेको छु ।

- **आगामी आर्थिक वर्ष २०८३।८४ आय तथा व्यय अनुमान**

आगामी आर्थिक वर्ष २०८३।८४ आय आन्तरिक तथा राजस्व बाँडफाँट तर्फ रु. १ करोड २० लाख ९ हजार, नेपाल सरकारबाट प्राप्त हुन सक्ने रु. ४० करोड ८१ लाख ५० हजार र प्रदेश सरकार प्राप्त हुने सक्ने रु. ३ करोड ८३ लाख गरी रु. ४४ करोड ९१ लाख ९८ हजार रुपैयाँ आय अनुमान गरेको छु ।
त्यसैगरी व्यय अनुमान चालु तर्फ रु. ३१ करोड ४४ लाख ३२ हजार ३ सय र पुँजीगत तर्फ रु. १३ करोड ४७ लाख ५६ हजार ७ सय गरी कुल रु. ४४ करोड ९१ लाख ८९ हजार व्यय अनुमान गरेको छु।

- **आगामी आर्थिक वर्ष २०८४।८५ को आय तथा व्यय अनुमान**

आगामी आर्थिक वर्ष २०८४।८५ मा आन्तरिक तथा राजस्व बाँडफाँट तर्फ रु. १ करोड २९ लाख, नेपाल सरकारबाट प्राप्त हुन सक्ने रु. ४० करोड ८७ लाख २५ हजार र प्रदेश सरकार प्राप्त हुने सक्ने रु. ३ करोड ८७ लाख ५ हजार गरी रु. ४४ करोड ९८ लाख ९० हजार रुपैयाँ आय अनुमान गरेको छु ।
आर्थिक वर्ष २०८४।८५ को चालु तर्फ रु.३१ करोड ४ लाख २४ हजार १ सय र पुँजीगत तर्फ रु. १३ करोड ९४ लाख ६५ हजार ९ सय गरी कुल रु. ४४ करोड ९८ लाख ९० हजार व्यय अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय**

बजेटको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक खरिद योजना र कार्यतालिका बनाइ त्रैमासिक लक्ष्य अनुसार कार्यक्रम कार्यान्वयन गर्दै जाने । प्रचलित कानुन अनुसार ठेक्का मार्फत गर्नुपर्ने कार्यक्रमहरू असोज मसान्त भित्र ठेक्का सम्झौता गरिसक्ने गरी आवश्यकता व्यवस्था मिलाएको छु । श्रम सहकारीहरूको दर्ता तथा नवीकरणको कार्य भाद्र मसान्तभित्र सम्पन्न गरी असोज मसान्तभित्र योजना तथा कार्यक्रम सम्झौता गरिसक्ने गरी कार्यतालिका निर्धारण गर्ने गरी व्यवस्था मिलाएको छु । पालिका भित्र सञ्चालन गरिने पालिकागत तथा वडागत योजना तथा आयोजना चैत्र मसान्त भित्र सम्पन्न हुने गरी सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु । आयोजना तथा कार्यक्रमहरूको नियमित रूपमा प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाएको छु । यसबाट बजेट कार्यान्वयनमा पारदर्शिता जवाफदेहिता कायम भइ सुशासन संस्थागत हुने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय**

पुँजीगत क्षेत्रको विनियोजन बजेट समयमा नै खर्च हुने गरी वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाउन सम्बन्धित सबै शाखाहरूलाई जिम्मेवार बनाइने छ । निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने र निर्माणमा गुणस्तर कायम गर्न निर्माण व्यवसायी, श्रम सहकारी, उपभोक्ता समिति, विभिन्न निकायमा गठित व्यवस्थापन समिति तथा सरोकारवाला सबैलाई जिम्मेवार र गाउँपालिका प्रति पूर्ण जबाफदेही बनाइनेछ ।

**सभाध्यक्ष महोदय**

यस बजेटको कार्यान्वयनबाट नौगाड गाउँपालिकाको सुशासन विकास र सेवाप्रवाह प्रभावकारी हुन गइ यस क्षेत्रका नागरिकहरूको जीवनस्तरमा सुधार आउने अपेक्षा लिएको छु । बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरू कार्यपालिकाका सदस्यज्यूहरू र अन्य सम्पूर्ण जनप्रतिनिधि ज्यूहरू, राजनीतिक दलका प्रतिनिधिहरू ज्यूहरू, विभिन्न विषयका विज्ञहरू सामाजिक अभियन्ताहरू र गाउँ कार्यपालिकाका शाखा प्रमुख लगायत अन्य कर्मचारीहरू मा हार्दिक आभार प्रकट गर्दछु। साथै बजेट तथा कार्यक्रम तर्जुमामा अहोरात्र खटिनु भएका प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा प्रमुख र योजना तथा अनुगमन शाखा प्रमुख ज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु।

**सभाध्यक्ष महोदय,**

**अन्त्यमा,**

आगामी आर्थिक वर्षको बजेट नौगाड गाउँपालिका सामाजिक, आर्थिक र सुशासनको क्षेत्र महत्वपूर्ण योगदान पुऱ्याउनेछ । यस बजेटको प्रभावकारी तथा सफल कार्यान्वयनका लागि योगदान पुऱ्याई दिनु हुन नौगाड गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी , नौगाड गाउँवासी आम आमाबुबा दिदिबहिनी तथा दाजुभाइ, राजनीतिक दलका नेता तथा कार्यकर्ता, शिक्षक, बुद्धिजीवी, समाजसेवी, नागरिक उपभोक्ता समितिका पदाधिकारी, समाजका अगुवाहरू र पत्रकार मित्रहरूमा हार्दिक आह्वान गर्दछु,

**धन्यवाद !**

२०८२ असार ८
जगत सिंह ठगुन्ना
(उपाध्यक्ष)